# नीलकण्ठ नगरपालिकाको महिला सशक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम सम्बन्धि कार्यक्षेत्रगत शर्त

नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी,धादिङ

२०७९,चैत्र

## १.परिचय(Introduction)

उत्तरमा हिमालयदेखि दक्षिणमा महाभारत पर्वतसम्म फैलिएको देशको एक मात्र जिल्ला धादिङमा अवस्थित यस नीलकण्ठ नगरपालिका नेपाल सरकारको वि.स.२०७१ बैशाख २५ को निर्णयानुसार नगरपालिका घोषणा हुँदा साविकको नीलकण्ठ, सांकोस, मुरलीभन्ज्याङ र सुनौलाबजार गरी ४ वटा गाउँ बिकास समितिहरु समेटेर घोषणा गरिएको थियो ।साविकको नीलकण्ठ गाँउ बिकास समितिको नामलाई नै कायम गरी यस नगरपालिकाको नामकरण गरिएको हो ।धादिङ जिल्लाको सदरमुकाम धादिङबेसी समेत रहेको यस नगरपालिकाको पूर्वमा नुवाकोट जिल्ला पश्चिममा ज्वालामुखी तथा सिद्धलेख गाउँपालिका र उत्तरमा नेत्रावती र त्रिपुरासुन्दरी गाउँपालिका र दक्षिणमा गल्छी र सिद्धलेक गाउँपालिका पर्दछन् ।

१४ वडामा विभाजित यो नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार महिला ३१०१५ र पुरुष २७४१३६ गरी जम्मा जनसंख्या ५८,१५१ रहनुका साथै जम्मा परिवार संख्या १६,५७९ रहेका छन्।यस नगरपालिकाको आर्थिक आधारशिलाको रुपमा कृषि व्यापार र पर्यटन मुख्य रहेका छन्।

यस नगरपलिकाले आर्थिक सामाजिक लैङ्गिक रुपले पछाडी परेका वर्गहरुलाई विकासको मूल धारमा ल्याउनका लागि विभिन्न प्रकारका लक्षित कार्यक्रमहरु आयोजना गर्ने गरिएको छ ।नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुमा लक्षित वर्ग अन्तगर्त विविध शीर्षकमा वजेट विनियोजन गरी विशेष गरी महिलाहरुलाई आत्मनिर्भर गराई आर्थिक उपार्जनको लागि सशक्त वनाउने कार्य भइरहेको छ।

## २.उद्देश्य(Purpose)

१.नीलकण्ठ नगरपालिकाका महिला जनप्रतिनिधिहरु,महिलाको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु,सरोकारवाला निकायहरुबाट प्रतिनिधिमूलक रुपमा महिलाहरुलाई सहभागी गराइ उनीहरुको अन्तर्निहित क्षमता उजागर गर्ने ।

२.महिलाहरुलाई विविध विषयमा प्रशिक्षण दिई सशक्त बनाउने ।

३.आफ्नो कुरा निर्धक्क राख्न सक्ने बनाइ नेतृत्व विकास क्षमता बृद्धी गर्ने ।

४.आफुले सिकेको कुरालाई व्यवहारमा रुपान्तरण गरी सक्षम महिला नेतृत्व विकास गर्ने ।

## ३.कार्य क्षेत्र र सम्पादन गर्नुपर्ने कार्य(Sectors)

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी धादिङ बागमती प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

संचालन गर्नुपर्नेछ ।

**४.मुख्य जनशक्तिको काम र योग्यता (Qualification)**

महिलाको क्षेत्रमा लामो अवधिसम्म वकालत गर्ने तथा सामाजिक संघ संस्थामा आवद्ध भई लामो अनुभव भएका विज्ञ प्रशिक्षकहरुबाट प्रशिक्षित गराउनु पर्नेछ।

विज्ञः-सम्बन्धित विषयक्षेत्र सँग सम्बन्धित भएका कम्तिमा स्नातक तह उत्तीर्ण गरी सामाजिक संस्थामा क्रियाशील व्यक्ति,वा सम्बन्धित विषयमा टट तालिम प्राप्त गरेका विज्ञ व्यक्ति हुनुपर्नेछ ।

**५.गैर सरकारी संस्थाको छनोट प्रकृया(Selection Process)**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ र सार्वजनिक खरीद नियमावलीको दफा ९९ बमोजिम महिला सशक्तिकरण सम्बन्धी काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका संघ/संस्थाको छनोट गरिने छ।

**६.कार्य सञ्चालन विधिः-** प्रशिक्षण,सामूहिक छलफल तथा सामूहिक कार्य ।

**७.सूचनामा उल्लेखित कागजातहरु।**

**८.कार्यक्रमको आवश्यकताः-**नीलकण्ठ नगरपालिकाका विभिन्न वडामा रहेका महिलाहरुलाई तालिम दिई उनीहरुको सशक्तिकरण गर्न ।

**९.समय अवधि (Duration)**- असार मसान्त सम्म।

**१०.कार्यक्रम सञ्चालन स्थानः-**नीलकण्ठ नगरपालिका,धादिङ।

**११ कार्यक्रमको लागि लागत अनुमान (Cost Estimation)**

उल्लेखित कार्यक्रमको लागि रु १०,००,०००/-अक्षरुपी दश लाख विनियोजन गरिएको छ ।यसमा नीलकण्ठ नगरपालिकाको कार्यक्रम सञ्चालन सम्बन्धि खर्चको मापदण्ड बमोजिम कार्यान्यिन गरिने छ।अनुगमन तथा अन्य करसा लाग्ने शुल्क एसै कार्यक्रमा विनियोजित रकमबाट कट्टा हुनेछ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेंसी धादिङ बागमती प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१२. प्रस्तावना ढाँचाः-

१.कार्यक्रमको परिचय

क.उदेश्य

ख.लक्षित क्रियाकलाप

ग.कार्यतालिका

घ.अपेक्षित उपलब्धि

ङ.बजेट विभाजन

च.साझेदारी सम्बन्धि प्रस्तावना,निवेदक संस्था ।

२.विगतमा सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव

३.अन्य अनुभव

४.संस्थामा कार्यरत जनशक्तिको विवरण।

५.प्रस्तावित कार्यक्रमको विवरण।

१३.सम्झौता(Contract)

नेपाल सरकार तथा नीलकंण्ठ नगरपालिकाको प्रचलित कानून बमोजिम हुने ।

**१४.कार्यक्रमको अनुगमनः-**नीलकण्ठ नगरपालिकाका नगर प्रमुख,उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र सम्बन्धित शाखाबाट कार्यक्रमको अनुगमन हुनेछ ।

१५.रकम भुक्तानी

कार्यक्रम सम्पन्न भएपश्चात् आवश्यक विल भर्पाई,कार्यक्रम झल्किने तस्विर,कार्य सम्पन्न प्रतिवेदन ,कार्यक्रमको खर्च अनुमोदन गरेको माइन्युट लगायत सम्झौतामा उल्लेखित कागजातका आधारमा नियमानुसार कर कट्टी गरी एकमुष्ट रुपमा भुक्तानी दिइनेछ।

**१६.प्रचलित कानून बमोजिम हुनेः-**यसमा उल्लिखित विषय यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७.विस्तृत कार्यशर्तहरु सम्झौतामा उल्लेख हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

१८.प्रस्तावना पत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी धादिङ
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत